# टी.बी. बुलेटीन

नेपाल क्षयरोग निवारण संस्था

वर्ष २०　　२०८२　　अंक १


## १२औं महाधिवेशन तथा ४५औं केन्द्रीय सभाको बार्षिक अधिवेशन




नेपाल क्षयरोग निवारण संस्थाको १२औं महाधिवेशन तथा ४५औं वार्षिक अधिवेशन यहि मिति २०८१ चैत्र १० र ११ गते काठमाडौँमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको उदघाटन प्रमुख अतिथि बागमती प्रदेशका स्वास्थ्यमन्त्री माननीय श्री किरण थापा मगरज्यूले गर्नु भएको थियो भने अतिथिमा सेफ द चिल्ड्रेनका प्रतिनिधि श्री मिम बहादुर सिंह हुनुहुन्थ्यो । प्रमुख अतिथीबाट यस वर्षको ओत्सुका पुरस्कार जिल्ला शाखा तर्फ तनहूँ जिल्ला शाखा, स्वयसेवी तर्फ पुष्पलाल तिमाल (नि.वर्तमान सभापति, भक्तपुर शाखा), कर्मचारी तर्फ डा. सजिम रंजितकार, बिजेन्द्र भक्त राय, मैयाछोरी महर्जन र सुखिराम सोरेन (मोरङ्) र डा. नारायण गोविन्द अमात्य स्मृती पुरस्कार २०८१ डा. कोमलकिरण प्रधानलाई प्रदान गरिएको थियो । यसैगरी संस्थाको बारेमा केन्द्रीय सदस्य महेन्द्रगोपाल कर्माचार्यले लेख्नुभएको "सात दशक" पुस्तक प्रमुख अतिथि तथा अतिथिबाट विमोचन गरिएको थियो । कार्यक्रममा केन्द्रीय अध्यक्ष श्री मदनकाजी श्रेष्ठद्धारा सभामा  उपस्थित सबैलाई स्वागत गर्नु हूँदै समुदायमा क्षयरोग न्युनिकरण गर्न संस्थाले विविध कार्यक्रम गर्दै आइरहेको र बिभिन्न चुनौतिका बिच संस्थाले ३१ जिल्लामा जिल्ला शाखा मार्फत कार्यक्रम गर्दै आइरहेको जानकारी गराउनु भयो । महासचिव श्री राजन श्रेष्ठले संस्थाले संचालन गरिराखेका अस्पताल, जेनेटप, होस्टेलमा बिरामीहरूले उपचार सेवा पाइरहेका र समयनाकुल बजेट बृद्धि नहुँदा संचालनमा चुनौति रहेको जानकारी दिनुभयो । नि.वर्तमान अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानले क्षयरोग किटाणु पत्ता लगाउने डा. रबर्ट कक र संस्था स्थापना गर्नु हुनेहरू प्रति स्मरण गर्नु हुँदै संस्थाले डटस् कार्यक्रम, सरकारले शुरू गर्नु भन्दा पहिला नै शुरू गरेको थियो भन्ने जानकारी गराउनुको साथै हाल बाग्मती प्रदेशमा सबै संघ संस्था सँग समन्वय गरेर क्षयरोग सम्बन्धि कार्य गर्दा प्रभावकारी हुने बिचार व्यक्त गर्नु भयो। प्रमुख अतिथि वागमती प्रदेशका स्वास्थ्यमन्त्री माननीय श्री किरण थापा मगरज्यूले क्षयरोग नियन्त्रणमा महत्वपूर्ण योगदान गरिराखेको हुँदा संस्थालाई सहयोग गर्न प्रदेश सरकार स्वास्थ्य मन्त्रालय सकारात्मक रहेको जानकारी गराउनु भयो साथै संस्थाको केन्द्रीय कार्यालय रहेको सम्पत्तीको उच्चतम सदुपयोग गर्न सुभाव दिनुभयो । अतिथि सेफ द चिल्ड्रेनका प्रतिनिधि श्री मिम बहादुर सिंहज्यूले संस्थाले गर्दै आएको क्षयरोग निवारण कार्यक्रमले नेपालमा क्षयरोग नियन्त्रणको लागि महत्वपूर्ण योगदान दिदै आएको मन्तव्य व्यक्त गर्नुभयो । उपाध्यक्ष श्री अरूण प्रताप राणाले संस्थालाई सहयोग गर्नु हुने संघ, संस्था र प्रमुख अतिथि, अतिथि र सम्पुर्ण महानुभावहरूलाई धन्यबाद व्यक्त गर्नु भएको थियो । कार्यक्रम संचालन सह-महासचिव श्री राधादेवी मास्केले गर्नुभएको थियो ।

कार्यक्रमको बन्द सत्रको अध्यक्षता, अध्यक्ष श्री मदनकाजी श्रेष्ठले स्वागत गर्नुहुँदै सम्पुर्ण सभासदलाई अधिबेशन/निर्वाचन कार्यक्रम सौहार्दपुर्ण र सफलताका साथ सम्पन्न गर्न अनुरोध गर्नु हुँदै बन्द सत्रको शुभारम्भ गर्नु भएको थियो । बन्द सत्रमा १०९ सभासदको उपस्थिति रहेको थियो । सह-निर्बाचन अधिकृत रत्न अवालेले  कार्यसमितिको निर्बाचन कार्यक्रम बन्द सत्रमा हुने जानकारी गराउनु भयो । महासचिब श्री राजन श्रेष्ठले आर्थिक वर्ष २०८०/८१ को प्रगति प्रतिबेदन र २०८२/८३ को प्रस्तावित कार्यक्रम र कोषाध्यक्षले आर्थिक वर्ष २०८०/८१ को लेखापरिक्षण र २०८२/८३ को प्रस्तावित

## सम्पादकीय

*नेपाल क्षयरोग निवारण संस्थाको मिति २०८१ चैत्र १० र ११ गते सम्पन्न महाधिवेशनको चुनावबाट केन्द्रीय समितिका पदाधिकारी र सदस्यहरू, नँया निर्वाचित भए । संस्थाको पदाधिकारीहरूमा पनि नँया जिम्मेवारी तथा सदस्यहरू, पूर्णतया नँया अनुहारका अदम्य साहसको प्रतिज्ञा, नवद्वष्टीकोणकोउर्जा र अनुभव मिश्रीत संगठनको स्वरूप खडा भएको छ । निर्वाचित पदाधिकारीहरूले आआफ्नो जिम्मेवारीलाई स्मरणयोग्य कोशे ढुङ्गा बनाउन प्रयत्नशील हुनुपर्दछ । पदाधिकारीहरूले विगतको कमजोरीबाट पाठ सिक्दै नँया उचाईमा कसरी संस्थालाई पुऱ्याउन सकिन्छ भन्ने विषयमा नँया सोच, नँया प्रविधि, नँया किसिमबाट समन्वय गर्न अग्रसर हुनुपर्ने देखिन्छ । क्षयरोग मुक्त समाजको सृजना गर्ने, नेपाल सरकारको दायित्व हो यस्को लागी सन २०३५ सम्मको लक्ष्य निर्धारण सहितको कार्यक्रम तय गरि कार्यान्वयन हुँदै पनि आई रहेको छ । यस संस्थाले पनि सोही लक्ष्य पुरा गर्न सरकारलाई सहयोग गर्दछ र गरिरहे को छ भन्ने विश्वसनियता प्रदान गर्न उच्च स्तरको समन्वय गर्न जरूरत गर्दछ । जसबाट संस्थाले आफ्नो कार्यक्रम अघि बढाउन सफल पनि हुन्छ ।*

*क्षयरोग एक उच्च जोखिमयुक्त रोग हो नेपालमा प्रतिवर्ष ४५ देखि ७० हजार नयाँ क्षयरोग बिरामी देखा पर्दछन्। त्यसमध्ये आधा मात्र पहिचानमा आउँछन् र बाँकी लुकेको अवस्थामा छ। त्यस्तै क्षयरोगीहरूले आफ्नो उपचार बीचैमा छोडे को दर २ देखि ३ देखिन्छ। जुन ज्यादै जोखिमपूर्ण छ । गरिबी, कुपोषण, सामाजिक जटिलता आदिले पनि टिवि रोग नियन्त्रण कम गर्न समस्याको रूपमा देखापरेको तत्वहरू हुन । यस्ता खाले समस्याको समाधान संस्था आफैले मात्र गर्न सक्दैन,यो त सरकारको दायित्व भित्र पर्दछ। यीमध्ये कतिपय चाहिँ संस्थाले पनि धेरै थोर दायित्व बहन गर्न सक्नुपर्दछ ।*

*हाल ३१ वटा जिल्लामा मात्रै संस्थाको शाखा सक्रिय रहेको छ । न्यून बजेट र कार्यक्रमले शाखालाई बढी सक्रिय र जिम्मेवार बनाउन नसकिरहेको अवस्था छ भने जिल्ला शाखाहरू पनि विस्तार गर्नुपर्ने परिवेश देखा परिरहेको छ । त्यस्तै केन्द्रको अस्पताल, होस्टेल र कार्यालय भवन पुनर्निर्माण वा मर्मत गर्नुपर्ने देखिन्छ । यसको लागि आर्थिक व्यवस्था गर्नु पनि महत्वपूर्ण कार्य बाँकी नै छ । अर्को तर्फ परिवर्ततीत समाजको परिकल्पनाका साथ सुशासन, पारदर्शिता, जवाफदे हितालाई कतिको आत्मसाथ गरिरहेको छ भनेर नियालिरहेको बुर्जुक जमातलाई समेत ध्यान दिएर मितव्ययी र प्रभावकारी निर्णयका साथ कार्यान्वयन गर्न जरूरत पर्दछ ।*

*अन्त्यमा योजनाबद्ध र परिपक्क निर्णय सामूहिक जवाफदेहितामा आधारित नयाँ नेतृत्व, दूरदृष्टी सहितको लक्ष्य, उपलब्धिमूलक कार्यक्रम, नतिजामुखी कार्यान्वयन नै संस्थाको परिचालनलाई सूत्रधारको कडीको रूपमा मनन गरी कार्यान्वयन गर्नुपर्दछ ।*

*नयाँ कार्यसमितिलाई बधाई र कार्यकुशलताको शुभकामना ।*

बजेट बन्द सत्रमा पेश गर्नु हुँदा सभामा आवश्यक छलफल भइ पारित गरेको थियो । कार्यक्रम संचालन सह-महासचिव श्री राधा देवी मास्केले गर्नुभएको थियो ।

बन्द सत्रको पहिलो सत्र समापन पछि संस्थाको नयाँ कार्यसमिति चयनको लागि प्रक्रिया शुरु भएको थियो। निर्वाचन प्रक्रिया अनुसार अध्यक्षमा २ जना उपाध्यक्षमा ४ जना महासचिबमा २ जना, कोषाध्यक्षमा २ जना सह-महासचिबमा १ जना सह-कोषाध्यक्षमा १ जना र सदस्यहरूमा १४ जनाको उम्मेदवारी दर्ता भएको थियो । त्यस मध्य सह-महासचिबको उम्मेदवार श्री राधादेबी मास्कले उम्मेदवारी फिर्ता लिनु भएको थियो । मिति २०८१ चैत्र ११ गते कार्य समिति चयनको लागि निर्वाचन मतदान सम्पन्न भयो । निर्बाचनबाट निर्बाचित नयाँ कार्यसमितिमा अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधान, उपाध्यक्ष श्री राजन श्रेष्ठ र सुश्री शोभा शाक्य, महासचिब श्री श्याम कुमार श्रेष्ठ, कोषाध्यक्ष श्री राजकिसोर प्रसाद यादव, सह-महासचिब श्री हिरादेवी शर्मा (निर्विरोध), सह-कोषाध्यक्ष श्री दामोदर न्यौपान (निर्विरोध) सदस्यहरुमा श्री डोर प्रसाद भट्टराई, श्री जगन्नाथ गौतम, श्री केशवराज भण्डारी, श्री अमर बहादुर श्रेष्ठ, श्री गिरी राज ओझा, श्री श्रवण कुमार शाह, श्री प्रमोद कुमार पौडेल, श्री खिमलाल डाँगी, श्री निरनमान डंगोल र श्री रचना श्रेष्ठ (निर्विरोध) निर्वाचित हुनुभयो । निर्वाचन पछि भएको समापन समारोहमा निर्वाचन अधिकृत श्री चण्डेश्वर श्रेष्ठज्यूले निर्वाचित पदाधिकारी र सदस्यहरूलाई प्रमाण पत्र वितरण साथै सपथ ग्रहण गराउनु भएको थियो । उक्त समारोहमा नवनिर्वाचित अध्यक्षज्यूले निवर्तमान अध्यक्ष श्री मदनकाजी श्रेष्ठज्यूलाई धन्यवाद प्रमाण पत्र ससम्मान प्रदान गर्नु भएको थियो । उहाँले आफ्नो मन्तव्यमा संस्थाले आगामीदिनलाई अझ सुदृढ र क्षयरोगको कार्यक्रम सशक्त ढंगले अगाडि बढ्ने र त्यसको लागि सबै नवनिर्वाचित पदाधिकारीहरूले एकाबद्धताको साथ अगाडि बढ्ने जानकारी दिनुहुदै सबै सहयोगी दाता, जिल्ला शाखाको सभासद, संस्थाका कर्मचारी, निर्वाचन अधिकारीहरूलाई महाधिवेशन सौहादपूर्ण र सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्नुभएकोमा धन्यवाद दिनुभएको थियो । उक्त समापन कार्यक्रम संचालन संस्थाका कार्यकारी अधिकृत रामकाजी कार्कीज्यूले गर्नुभएको थियो ।


**सल्लाहकार**

श्री श्याम कुमार श्रेष्ठ , ***महासचिव***

**प्रधान सम्पादक**

श्री निरनमान डंगोल, ***केन्द्रीय सदस्य***

**सदस्य**

श्री रामकाजी कार्की, ***कार्यकारी अधिकृत***
श्री सुमन गिरी, ***अफिस एसिस्टेण्ट***

**प्रकाशक**

**नेपाल क्षयरोग निवारण संस्था**
कालिमाटी, काठमाडौं,
पो.ब.नं. १४९४
फोन नं : ५३७५३९५, ५३७६४५१,
फ्याक्स : ५३७००१९
ईमेल : nata.antitb@gmail.com
वेब : www.antitb.org.np

# काठमाण्डौ महानगरपालिका वडा नं १३ बाट संस्थालाई मेशिन हस्तान्तरण



मिति २०८२ आषाढ १६ गते काठमाण्डौं महानगरपालिका वडा न.१३ का अध्यक्ष श्री ध्रुव नारायण मानन्धरबाट Fully Automatic Clinical Chemistry Analyzer संस्थाको लागि अध्यक्ष श्री देबेन्द्र बहादुर प्रधानलाई हस्तान्तरण गर्नु भयो । कार्यक्रममा मन्तब्य दिनुहुँदै अध्यक्ष श्री देबेन्द्र बहादुर प्रधानले संस्थाले गरिराखेको सामाजिक कार्यमा वडाले प्रदान गरेको सहयोग लागि धन्यबाद व्यक्त गर्नु हुँदै आगामी दिनमा पनि वडाबाट निरन्तर सहयोगको अपेक्षा राखेको विचार व्यक्त गर्नु भयो साथै संस्थाले दिने सेवाहरुमा वडा प्रतिनिधि कर्मचारी र वडावासीहरूलाई छुट दिने जानकारी दिनुभयो । वडा अध्यक्ष ध्रुब नारायण मानन्धरले संस्थाले गरिराखेको बिरामीहरूको उपचारमा वडाले सहयोग गर्न पाउँदा आफुलाई खुशि लागेको र संस्थाले सल्लाहकारमा गरेको मनोनयको लागि संस्थालाइ धन्यबाद व्यक्त गर्नु हुँदै आगामी दिनमा पनि संस्थालाई निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । संस्थाको तर्फबाट अध्यक्ष श्री देबेन्द्र बहादुर प्रधानले वडा अध्यक्षलाई मायाको चिनो प्रदान गर्नु भयो । कार्यक्रममा संस्थाको तर्फबाट कोषाध्यक्ष श्री राजकिशोर प्रसाद यादब केन्द्रीय सदस्यहरू श्री अमर बहादुर श्रेष्ठ, श्री प्रमोद कुमार पौडेल, श्री जगन्नाथ गौतम र कर्मचारीहरू र वडाबाट वडा सदस्यहरू उपस्थिति रहेको थियो । कार्यक्रम संचालन वडा सचिब श्री देबीकुमारी वस्तीले गर्नु भएको थियो ।

# कोशी, मधेश र बाग्मती प्रदेशका जिल्ला शाखाका प्रतिनिधिहरुको गोष्ठी




नेपाल क्षयरोग निवारण संस्थाले २०८२ साल असार ६ गते कोशी प्रदेशको सुनसरीमा कोशी,मधेश र बाग्मती प्रदेशका प्रत्येक जिल्ला शाखाबाट १ जना प्रतिनिधिहरूको गोष्ठी अध्यक्ष श्री देबेन्द्र बहादुर प्रधानज्यूको अध्यक्षतामा सम्पन्न भयो । राष्ट्रिय गानबाट शुरूभएको कार्यक्रममा सुनसरी जिल्ला शाखाको तर्फबाट सम्पुर्णलाइ खादा र रूद्राक्षमाला लगाइदिनु भइ स्वागत गर्नु भएको थियो । कार्यक्रममा सुनसरी जिल्लाका सभापति श्री गौरबमान श्रेष्ठले सुनसरीमा गोष्ठी आयोजना गर्नुभएकोमा केन्द्रलाई धन्यबाद दिनुभई सहभागीहरूलाई स्वागत गर्नु भयो । अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानले पानसमा दीप प्रज्वलन गरी गोष्ठीको उद्घाटन गर्नुभयो । उपाध्यक्ष श्री राजन श्रेष्ठले गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नु भएको भयो । कोषाध्यक्ष श्री राजकिशोर प्रसाद यादवले संस्थाको गतिविधि र आर्थिक स्थितिबारे प्रकाश पार्नु भएको थियो ।

अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानले सबै शाखाले संस्थाको विधानलाई पालना गरी नियमित बैठक, जिल्ला सभा र लेखा परीक्षण समयमै अनिवार्य सम्पन्न गर्न हुन र शाखालाई सधैं चलायमान गर्न जिल्ला स्वास्थ्य कार्यालय, जिल्लाका स्थानीय निकायहरूसँग समन्वय गरी सहयोग जुटाउन आवश्यक भएको जानकारी गराउनुभयो ।

ख) दोस्रो शत्र (प्रस्तुतिकरण समुहगत छलफल र समापन)

संस्थाका महासचिव श्री श्याम कुमार श्रेष्ठले संगठनको स्थायित्व, शाखाहरूको सक्रियता र शाखाले पालन गर्नुपर्ने दायित्व र संस्थाको ऐतिहासिक पृष्ठभूमि बारे कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त पत्र बारेमा शाखाका प्रतिनिधिहरूले राख्नुभएका जिज्ञासाहरूको महासचिबले जवाफ दिनुभयो साथै संस्थाको बिधान संशोधन गर्न आवश्यक रहेकोले प्रतिनिधिहरूले बिधानमा केही संशोधन गर्नुपर्ने भएमा आफ्नो जिल्लाशाखामा छलफल गरि केन्द्रमा पठाउनु हुन महासचिब श्री श्याम कुमार श्रेष्ठले कार्यक्रममा अनुरोध गर्नुभयो ।

यसरी नै केन्द्रीय सदस्य डा. सागर कुमार राजभण्डारीले क्षयरोग किटाणुको परिचय र नेपालमा क्षयरोगको वर्तमान अवस्था र संस्थाले गर्दै आएको कार्यक्रमहरु र शाखाले निभाउनुपर्ने दायित्व बारे कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यसपछि प्रतिनिधिहरूले डा सागरकुमार राजभण्डारी सँग जिज्ञासाहरू राख्नु भयो र सो जिज्ञासाको पनि डा. सागर कुमार राजभण्डारीले प्रष्ट गर्नुभयो ।

दिवा खानापछि सहभागीहरूलाई दुई समूहमा विभाजन गरी निम्नानुसार विषयहरूमा समूहगत छलफल भएको थियो भने

केन्द्रीय सदस्यहरू श्री निरनमान डंगोल र श्री प्रमोद कुमार पौडेलले सहजीकरण गर्नुभएको थियो ।

## सहभागीहरुको समुह बिभाजन पछिको लागि प्रश्नहरु

जिल्ला शाखाहरूलाई क्रियाशिल बनाउन केन्द्र बाट र सम्बन्धित जिल्ला शाखाले के गर्न सकिन्छ ?

आर्थिक स्रोत जुटाउने उपायहरू के के हुन सक्छ ?

संघीय, प्रदेश र स्थानीय सरकार संग समन्वय/सहयोग/सहकार्य कसरी गर्न सकिन्छ, कसको भूमिका के के हो ?

सगठन विस्तार गर्न कहाँ र कसरी गर्दा उपयुक्त हुन सक्छ ?

संस्थाको अबको योजना/लक्ष्य के के हुनु पर्दछ ?

## समुह बिभाजन

**समुह १–** रामकृष्ण मास्के (दोलखा), खगेन्द्र सापकोटा (तेह्रथुम), भेषबहादुर पाण्डे (नुवाकोट), डा. नन्दकिशोर झा (रौतहट), राजेश प्रसाद चौधरी (सर्लाही) राजेश्वरी शिल्पाका (भक्तपुर), दिवाकर भण्डारी (इलाम), घनश्याम राठी (मोरङ), श्रवणकुमार शाह (केन्द्र)

**समुह २–** उमेश कुमार गुप्ता (पर्सा), बैद्यनाथ शाह (बारा), सन्त कुमार कार्की (धनुषा), कृष्णचन्द्र बस्नेत (काठमाडौँ), विश्वनाथ यादव (सप्तरी), शसिम पोखरेल (झापा), गौरवमान श्रेष्ठ (सुनसरी), नन्दकला न्यौपाने (सुनसरी), विद्या शाक्य (सुनसरी), डोर प्रसाद भट्टराई (केन्द्र)

## समुहगत छलफल पश्चात आएका सुझाव यस प्रकारका रहेका छन्–

स्थानीय सरकार र विभिन्न संघ संस्था र निकायहरूसँग शाखाहरूले सक्रियताका साथ समन्वयन गरी कार्यक्रमको सहयोग जुटाउने

तिन तहको सरकार (केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानिय सरकार) मा प्रत्येक शाखाको लागि परियोजना तयार गरी केन्द्रले पेश गरी शाखालाई कार्यक्रम दिलाउने तिर प्रयास गर्नुपर्ने

शाखालाई अझ सक्रिय बनाउन एक प्लानिङ वर्कशप गर्नुपर्ने

केन्द्रले शाखालाई कार्यक्रमको लागि बजेट दिनुपर्ने

विधान अनुरूप कार्य नगरेका शाखालाई केन्द्रले अनुगमन गर्ने र कारबाही/सहजीकरण गर्नुपर्ने

केन्द्रको प्रतिनिधि को संयोजकतामा प्रदेश सरकारसँग समन्वयन र बजेटको लागि प्रदेशमा तीन वा चारजना प्रतिनिधि राखी एक समूह निर्माण गर्नुपर्ने

प्रदेशगत रूपमा राम्रो गर्ने शाखा र स्वयंसेवी वा कर्मचारीलाई प्रोत्साहन र जिल्लाहरूको पारदर्शी रूपमा मूल्याङ्कन गरी प्रोत्साहन/सम्मान गर्ने

सम्बन्धित सरकारी निकाय वा जनस्वास्थ्य शाखालाई संस्थाका शाखाहरूसँग समन्वयन गरी क्षयरोग कार्यक्रम सञ्चालन पत्र लेखाउन प्रयास गर्ने

संस्थाको प्रगति, योजना तथा गतिविधिबारे प्रत्येक वर्ष नयाँ तथ्याङ्क र नीति बारेमा पुस्तिका प्रकाशन गर्नुपर्ने

संस्थाले आफ्नो वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यहरु सञ्चालन गर्नुपर्ने

शाखाले सदस्यता नवीकरण र आजीवन सदस्यहरु वृद्धि गर्नुपर्ने

विधान संशोधन गर्नुपर्ने

जिल्लाको जनस्वास्थ्य/नगरपालिकामा भएका क्षयरोग फोकल पर्सनसँग शाखाले समन्वय गर्नुपर्ने

बिद्यालय स्तरमा जुनियर नाटा र पालिकास्तरमा संगठन बिस्तार गर्नु पर्ने

गोष्ठीको संचालन कार्यकारी अधिकृत रामकाजी कार्की र सहजिकरण कार्यालय सहायक सुमन गिरीले गर्नु भएको थियो ।

अन्त्यमा गोष्ठीमा अध्यक्षता गर्न भएका सभापति तथा केन्द्रीय अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानले गोष्ठी समापन गर्नुभयो ।

# अवलोकण भ्रमण




मिति २०८२ जेठ ८ र ९ गते संस्थाका महासचिब श्री श्यामकुमार श्रेष्ठ, सदस्य श्री निरनमान डंगोल, श्री प्रमोद कुमार पौडेल र कार्यकारी अधिकृत श्री रामकाजी कार्कीले तनहूँ, गोरखा र धादिङ् जिल्ला शाखाहरू अवलोकन भ्रमण गर्नु भएको थियो । अवलोकन भ्रमणको समयमा सम्बन्धित जिल्ला शाखाका कार्यसमितसँगको सयुक्त बैठकमा शाखाका कार्यक्रम, योजना, चुनौतिका बिषयमा छलफल गर्नुका साथै गोरखा जिल्ला शाखाले नवनिर्वाचित महासचिब र सदस्यहरूलाइ बधाइ तथा सम्मान कार्यक्रम गरेको थियो ।

# बिरामीहरुलाई खाद्यान्न वितरण



मिति २०८२ आषाढ २९ गते संस्थाका पूर्व उपाध्यक्ष स्व डा. नर्वदालाल मास्केको ९३ औं जन्मदिनको अवसरमा उँहाको धर्मपत्नी डा. रोशना अमात्य र छोरी डा. अर्चना अमात्यबाट कालिमाटी चेष्ट अस्पतालका १२ जना विरामीहरूलाई पोषण (खाद्यान्न प्याकेट) वितरण गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानज्यू सहित कर्मचारीहरूको उपस्थिती रहेको थियो ।

# जिल्ला गतिविधिहरु

## (मिति २०८२ आषाढ मसान्त सम्म प्राप्त भएको जिल्लाका प्रतिवेदनको आधारमा)

### गुल्मी

मिति २०८२ जेष्ठ ६ गते रेसुङ्गा न.पा ५ को श्री जनसहयोग मा. वि. भुवनपानीमा श्री नारायणप्रसाद खनालको सभापतित्वमा १३ सदस्यीय जुनियर नाटा गठन गरी कक्षा ८, ९ र १० कक्षाका विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि रेसुङ्गा न.पा वडा नं ५ का वडाध्यक्ष श्री दुर्गाप्रसाद पाण्डेको रहनु भएको थियो भने उक्त कार्यक्रममा प्रशिक्षण गुल्मी अस्पतालका चिकित्सक डा. विजय पाण्डेले गर्नु भएको थियो ।



त्यसै गरि केन्द्रीय कार्यक्रम अन्तर्गतकै दोश्रो कार्यक्रम मिति २०८२ जेष्ठ ८ गते रेसुङ्गा न.पा वडा नं ८ को उपल्लो तम्घास मा.विमा जुनियर नाटा गठन भएका नाटा आबद्ध विद्यार्थी बीच "जनचेतना र औषधीको शक्ति, क्षयरोगबाट उन्मूक्ति" शिर्षकमा वक्तृत्वकला कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा रेसुङ्गा नगरपालिका नगर प्रमुख श्री खिलध्वज पन्थीज्यूको प्रमुख आथिथ्यता र रे.न.पा ८ का वडाध्यक्ष श्री कृष्णप्रसाद पाण्डेज्यूको विषेश आतिथ्यता रहेको थियो । दुबै कार्यक्रमको सभापतित्व संस्थाका सभापति श्री अखिलेश्वर प्रसाद पाण्डेयज्यूले गर्नु भएको थियो । कार्यक्रमको संचालन सचिव श्री रामलाल पौडेलले गर्नु भएको थियो । दुबै कार्यक्रममा वडाका जनप्रतिनिधी, समाजका अगुवा, राजनिति कर्मी, समाजसेवी, आमा समूह र युवाहरूको उपस्थिति रहेको थियो ।

### दाङ

मिति २०८२।१।२९ गते २५६९ औं बुद्ध जयन्तीको अवसरमा घो.उ.म.न.पा वडा १८ बौद्ध गुम्बामा अभिमुखिकरण गोष्ठी सम्पन्न भएको थियो । गुम्बा दर्शनमा आउने भक्तजनहरूलाई क्षयरोगको बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरिएको थियो । उक्त कार्यक्रममा शाखाका सभापति तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

साथै जिल्ला शाखाले विद्यालय आधारीत १ दिने अभिमुखिकरण गोष्ठी मिति २०८२।२।९ गते दाङ जिल्लाको दुर्गम पाहाडी श्री महेन्द्र मा.वि, बिचपोखरा बंगलाचुली गा.पा स्यूजामा सम्पन्न भएको थियो । कक्षा ५ देखि ११ सम्म अध्ययनरत २७० जना छात्रछात्राहरूलाई क्षयरोगका लागि छात्रछात्रा, शिक्षक, अभिभाबकहरूले निभाउनु पर्ने भूमिका, लक्षण देखिएकालाई स्वास्थ्य केन्द्रमा लैजाने साथै नियन्त्रण र निवारणबारेमा प्रशिक्षण सहित जानकारीमूलक सन्देश दिइएको थियो ।

### बारा

जिल्ला शाखा बाराले विभिन्न मितिमा जिल्ला भित्र क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । मिति २०८१।१२।२६ गते समुदायमा क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम र मिति २०८१।१२।३० मा स्वास्थ्यकर्मीहरू बिच अर्न्तक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो ।

साथै मिति २०८२ बैशाख २६ गतेका दिन कलैया उ.म.न.मा वडा नं २४, वेलवाडिहमा जिल्ला शाखाको आयोजनामा शाखाका सभापति श्री सुरेश कुमार मोदकको अध्ययतामा र वडा अध्यक्ष श्री हिरा प्रसाद चौधरीको प्रमुख आतिथ्यमा समुदायमा क्षयरोग बारे अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ३५ जनाको उपस्थिति रहेको थियो ।

साथै मिति २०८२ बैशाख ३० गतेका बारा जिल्ला शाखाको आयोजनामा र महागढीमाई न.पा वरियापूर स्वास्थ्य शाखाको समन्वयमा स्वास्थ्यकर्मीहरू संग क्षयरोग न्यूनिकरण सम्बन्धि कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा ३० जनाको उपस्थिति रहेको थियो ।

### पर्सा

जिल्ला शाखा पर्साले विभिन्न समयमा जिल्ला भित्र केन्द्र मार्फत प्राप्त बजेटबाट क्षयरोग सम्बन्धी कार्यक्रमहरू संचालन गरेको छ । जिल्ला शाखा पर्साले विरगंज महानगरपालिका वडा नं ९ स्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रमा १५ जना महिला स्वयमसेविकहरूको सहभागितामा मिति २०८१।११।२५ गतेका दिन कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा संस्थाका सभापति श्री प्रमोद कुमार पौडेल लगायत शाखाका पदाधिकारीहरूको उपस्थिती रहेको थियो ।




त्यस्तै जिल्ला शाखा पर्सा जिल्लाको बिन्दावासिनी गा.पा वडा न. ३ भौवागुठीको कार्यालयमा ३० जनाको सहभागितामा मिति २०८२।१।६ गते अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा जिल्ला शाखाको सभापति प्रमोद कुमार पौडेल साथै शाखाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागिहरूलाई शाखाका सचिव श्री उमेश कुमार गुप्ताले क्षयरोगबारे प्रकास पार्नु भएको थियो । साथै जिल्लाका विभिन्न पत्रपत्रिकामा क्षयरोग सम्बन्धी जनचेतनामूलक सन्देश तथा कार्यक्रमहरू प्रशारण गरिएको थियो ।

## सप्तरी

जिल्ला शाखा सप्तरीद्वारा आयोजित क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सप्तरीको महादेव गा. पा. १ स्थित श्री नर बहादुर जनता मा.वि पकरी गोठ सोनरामा सम्पन्न भएको थियो ।

सो कार्यक्रममा जिल्ला जनस्वास्थय कार्यालय सप्तरीका पूर्व क्षयकुष्ठ सहायक तथा संस्थाका कोषाध्यक्ष श्री गुन्जेश्वर प्रसाद यादवले नियमित औषधी सेवन क्षयरोगका लक्षण, निवारणका उपाय, अपनाउनु पर्ने सावधानी, क्षयरोग हुने कारण आदिबारे विस्तृत रूपमा जानकारी गराएका थिए । महादेवा गा.पा कार्यपालिका सदस्य अनारदेवी रामको प्रमुख अतिथ्यमा सम्पन्न कार्यक्रममा संस्थाका सल्लाहकार लक्ष्मण मेहता, सचिव श्री विश्वनाथ यादव लगायतले समेत क्षयरोग नियंत्रण बारे जनचेतना जगाउन विद्यार्थी, अभिभावक र शिक्षकहरूको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको थियो । संस्थाका सचिव श्री विश्वनाथ यादवद्धारा संचालित कार्यक्रमको अध्यक्षता संस्थाका सभापति श्री बैद्यनाथ झाले गरेका थिए । सो कार्यक्रममा गा.पा का वडा सदस्य जनप्रतिनिधिहरू, शिक्षक, अभिभावक तथा विद्यार्थीहरूको उपस्थिति रहेको थियो ।

## स्याङजा




मिति २०८२ जेष्ठ १६ गतेका दिन पुतलीबजार न.पा वडा नं १ मालेबगर स्थित स्याङ्जा गुठीको सभाहलमा जिल्ला स्वास्थ्य कार्यालय र जनप्रतिनिधिहरूका बिचमा क्षयरोग निवारण, नियन्त्रण र उपचार सम्बन्धी एक दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा केन्द्रीय सह–महासचिव श्री हिरादेवी शर्माद्धारा रबर्ट ककको तस्वीरमा पुष्पगुच्छा अर्पण र कार्यक्रमको ब्यानर बाचन गर्दै उदधाटन गर्नुभएको थियो । सोही कार्यक्रममा बोल्दै शर्माले जिल्ला शाखासंग उपचारात्मक कार्यको लागी साधन र श्रोत उपलब्ध नभए पनि चेतनामूलक अभिमुखिकरण कार्यक्रमबाट क्षयरोग निवारण र नियन्त्रण कार्यमा शाखाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सकेकोमा गर्व महसुस भएको कुरा व्यक्त गर्नुभएको थियो । स्थानीय सरकारले संस्थासंग सहकार्य गरी क्षयरोग निवारण, नियन्त्रण र उपचारात्मक कार्यमा अगाडि बढेमा अपेक्षित सफलता पाउन सकिने कुरामा जोड दिनुभएको थियो । कार्यक्रमको विषयवस्तु माथी प्रकाश श्रोत व्यक्ति श्री देवेन्द्र प्रसाद गुरूङले क्षयरोग के हो ? यो कसरी सर्छ ? यसको रोकथामका उपायहरू के हुन ? कसरी उपचार गर्ने भन्ने सम्बन्धमा सरल भाषामा प्रकाश पार्नुभएको थियो । कार्यक्रम व्यवस्थापन तथा संचालन शाखाका सचिव श्री युगनारायण श्रेष्ठले गर्नुभएको थियो । साथै जिल्ला शाखाले स्थानीय संचारमाध्यमा पनि क्षयरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू प्रसारण गरिएको थियो ।

## कपिलवस्तु

जिल्ला शाखा कपिलवस्तुले विभिन्न मितिमा जिल्ला भित्र क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । शाखाले विभिन्न संचारमाध्यहरूमा क्षयरोग सम्बन्धि जनचेतनमूलक सूचना, सन्देशहरू प्रशारण गर्दै आएको छ । यस्तै शाखाले मिति २०८२ जेष्ठ २४ गते समुदायलाई क्षयरोग बारे अभिमुखिकरण तालिम श्री जनता आधारभूत विद्यालयमा संचालन गरेको थियो । स्थानीयहरूलाई क्षयरोगको बारेमा र यस्को हालको अवस्थाबारेमा शाखाले तालिम प्रदान गरिएको थियो । कार्यक्रममा ३० जनाको उपस्थिति रहेको थियो ।

## धनुषा

मिति २०८२ जेष्ठ ६ गते जनकपुरधाम उ.म.न.पा. वडा नं १० स्थित श्री सीताराम प्राथमिक विद्यालयमा संस्थाका केन्द्रीय सदस्य श्री श्रावण कुमार शाहको प्रमुख आतिथ्यमा समुदायका अगुवा व्यक्तित्वहरूलाई क्षयरोग सम्बन्धी एक दिने कार्यक्रम सम्पन्न भएको थियो । विभिन्न समुदायका गरी ४० जनाको सहभागिता रहेको सो कार्यक्रममा जनकपुर उ.म.न.पा.का स्वास्थ्य प्रमुख अर्चना पाठकले प्रशिक्षण दिनु भएको थियो । साथै जिल्लाका विभिन्न संचारमाध्य र पत्रिकाहरूमा क्षयरोग सम्बन्धी विभिन्न जनचेतनामूलक विज्ञापनहरू प्रशारण तथा छपाई गरिएको थियो ।

## रौतहट

जिल्ला शाखा रौतहटले मिति २०८२ जेष्ठ २ गते संस्थाका केन्द्रीय कोषाध्यक्ष श्री राजकिशोर प्रसाद यादवको आतिथ्यमा श्री नेमधारी वासुदेव नमुना मा. वि राजदेवी ७ मुडवलवामा १ दिने अर्न्तक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रमको विद्यालयका प्र.अ रविशंकर प्रसाद यादवले अध्यक्षता गर्नु भएको थियो । प्रादेशिक अस्पताल गौरका डा. कुमार आशुतोष यादवद्धारा कक्षा ९ र १०का विद्यार्थीहरूलाई क्षयरोग नियन्त्रणमा विद्यार्थीहरूले खेल्ने भूमिका, यसका लक्षण, उपचार, पद्दती र नेपालमा अहिले क्षयरोगको स्थिती बारे विस्तृत रूपमा प्रकाश पार्नु भएको थियो ।

साथै मिति २०८२ जेष्ठ ८ गते गौर नगरपालिका ५ मा अवस्थित ईन्स्टिच्यूट अफ क्मीयुनिटी टेक्निकल एजुकेशनका विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरणका साथ जुनियर नाटा गठन गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका केन्द्रीय कोषाध्यक्ष श्री राजकिशोर प्रसाद यादवको आतिथ्यमा १ दिने अर्न्तक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा शाखाका सचिव हेमन्त राय यादवद्धारा विद्यार्थीहरूलाई क्षयरोग नियन्त्रणमा विद्यार्थीहरूले खेल्ने भुमिका, यसका लक्षण, उपचार पद्दती, नेपालमा अहिले क्षयरोगको स्थिति बारेमा प्रकाश पार्नुभएको थियो ।

## इलाम

मिति २०८२ जेठ ५ गते देउमाई न.पा स्वास्थ्य शाखा मंगलबारे इलामको आयोजना र जिल्ला शाखा इलामको प्राविधिक सहयोगमा देउमाई नगरपालिका अन्तर्गतका श्री भानुभक्त मा.वि, श्री जितपुर मा.वि, खान्द्रुङ मा.वि, पञ्चकन्या मा.वि, पञ्च मा.वि, राधाकृष्ण आमा समूह, पानीटार आमा समूह, धुसेनी आमा समूह, साब्जुङ आमा समूह, बुद्धचोक आमा समूह र सिद्धिथुम्काको शिविर सहित देउमाई नगरपालिका भित्रका विभिन्न उमेर समूहका व्यक्तित्वलाई

क्षयरोग सम्बन्धी विभिन्न ज्ञान र चेतना र सन्देश दिइएको थियो । उक्त कार्यक्रमहरूमा सबै क्षेत्रका स्वास्थ्यकर्मीहरू, सामाजिक अभियन्ताहरू, शिक्षक तथा विद्यार्थीहरू, जनप्रतिनिधि, कर्मचारी आदिको सक्रिय सहभागिता भई कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रमहरूमा विभिन्न सचेतना ब्रुसरहरू समेत वितरण गरिएको थियो । जिल्ला शाखाका सभापति श्री दिवाकर भण्डारीको सक्रियतामा उक्त कार्यक्रमहरू सफतापूर्वक समापन भएको थियो ।

## काठमाडौं

मिति २०८२ जेष्ठ २३ गते जिल्ला शाखा काठमाडौंले मातातिर्थ बृद्धा आश्रम, चन्द्रागिरीमा क्षयरोग परिक्षण (खकार परीक्षण) कार्यक्रम आयोजना गरि सम्पन्न गरेको थियो । सो कार्यक्रममा प्रविधिक सहयोग संस्थाद्वारा संचालित कालिमाटी चेष्ट अस्पतालबाट भएको थियो । उक्त कार्यक्रममा आश्रममा आश्रित व्यक्तिहरूको खकार चेकजाँच गरिएको थियो । कार्यक्रममा शाखा सभापति तथा केन्दीय सदस्य श्री अमरबहादुर श्रेष्ठ, शाखा पदाधिकारी र सदस्यको उपस्थिति रहेको थियो ।

## धादिङ




मिति २०८२ जेष्ठ १७ गते मंगलदेवी मा.वि नेत्रावती १ मा विद्यालय प्र.अ सरस्वती अधिकारीको अध्यक्षता, स्वास्थ्यकर्मी श्री प्रेम फुयालको प्रमुख आतिथ्यतामा विद्यालयमा क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम जिल्ला शाखाका सभापति श्री चन्द्र बहादुर लम्साल लगाय पदाधिकारीहरूको समन्वयन र सहजिकरणमा सम्पन्न भएको थियो र भने मिति २०८२ जेष्ठ १८ गते त्रिपुरासुन्दरी गा.पा वडा नं ४ मा वडा स्तरिय जनप्रतिनिधि, स्वास्थ्य कर्मी, महिला स्वास्थ्य स्वमसेवीका र सरोकारवालाहरू बिच वडा अध्यक्ष श्री कपिलदेव सिंखडाको प्रमुख आतिथ्यतामा जिल्ला सभापति श्री चन्द्र बहादुर लम्साल लगायत पदाधिकारीको उपस्थितिमा स्वास्थ्य प्रमुख श्री ज्ञानबहादुर दाहालबाट क्षयरोग सम्बन्धी समस्या, चुनौती, समाधानको बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गरि सम्पन्न भएको थियो ।

## चितवन

मिति २०८२ जेष्ठ ३ गते, चितवन जिल्लाको माडीमा क्षयरोग नियन्त्रणमा समुदायको भूमिका विषयक सचेतना कार्यक्रम सम्पन्न भएको थियो । माडी नगरपालिका वडा नं ७को कार्यालयमा सम्पन्न भएको सो कार्यक्रममा शाखाका सभापति श्री ज्ञानेन्द्र मान शाक्यको सभापतित्व र माडी न.पा वडा नं ७ की वडा अध्यक्ष चन्द्राकुमारी बानियाको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको थियो । माडी न.पा जनस्वास्थ्य शाखाका सिनियर हेल्थ असिस्टेन्ट टंकप्रसाद बसेलले नगरपालिका भित्र रहेका टिवि रोगको बिरामीहरूको अवस्था र उनीहरूको उपचारमा भएका प्रयासहरू बारे प्रकाश पार्नुभएको थियो । यसै गरी कार्यक्रममा शाखाका कार्यक्रम अधिकृत श्री अर्जुन त्रिपाठीले क्षयरोगको बारेमा संक्षिप्त जानकारी दिनुहुँदै समग्र चितवन जिल्ला भित्र संस्था मार्फत भएका कार्यक्रम तथा क्रियाकलाप र गतिविधिहरूको बारेमा प्रस्तुती दिनुभएको थियो । कार्यक्रमकी प्रमुख अतिथि अध्यक्ष श्री चन्द्राकुमारी बानियाले जिल्ला शाखाले गर्दै आएको कार्यलाई धन्यवाद दिदै आगामी दिनहरूमा पनि वडाले क्षयरोगको कार्यक्रममा सदैब सहकार्य गर्न तत्पर रहेको बताउनुभएको थियो ।

## नुवाकोट

मिति २०८२।०२।०४ मा नुवाकोट जिल्लाको विदुर न.पा वडा नं ७ स्थित श्री चण्डेश्वरी मा.वि तुप्चेमा जुनियर नाटा गठन गरिएको थियो । उक्त कार्यक्रममा जिल्ला शाखाबाट सभापति श्री निरनमान डंगोल, सचिव श्री शर्मिला थापा मगर, कोषाध्यक्ष श्री शर्मिला श्रेष्ठ र सदस्य श्री विखल लामा उपस्थित हुनुभएको थियो । त्यस्तै विद्यालयका प्र.अ. श्री गणेश लामिछाने, नि. वर्तमान प्र.अ श्री हरि प्रसाद रिजाल, जुनियर नाटाका सहजकर्ता शिक्षक श्री पूनर्जन अधिकारी सहित कक्षा ६ देखि १० सम्मका ५।५ जना विद्यार्थी प्रतिनिधीको रूपमा उपस्थित भएका थिए । सभापति तथा केन्द्रीय सदस्य श्री निरनमान डंगोलले क्षयरोग न्यूनिकरणको अभियानमा जुनियर नाटाको भूमिका महत्वपूर्ण भएको, विदुर न.पा.मा सबै भन्दा दोश्रो धेरै क्षयरोगी देखिएकोले यस वडामा सो संख्या घटाउन जुनियर नाटाको सक्रिय भूमिका हुने बताउनु भयो ।क्षयरोगको लक्षण, परीक्षण र उपचार पद्धतीको बारेमा स्वास्थ्य शिक्षक एवं निवर्तमान प्र.अ श्री हरि पसाद रिजालले प्रकाश पार्नु भएको थियो ।




साथै मिति २०८२ जेष्ठ २ गते विदुर २ स्थित भैरवी मा.विमा जुनियर नाटा पुर्नगठन तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमा विद्यालयका छात्रछात्रा, शिक्षक गरि ४० जनाको सहभागिता रहेको थियो ।

## गोरखा

जिल्ला शाखा गोरखाको आयोजनामा मिति २०८१ माघ २९ गतेको दिनमा क्षयरोग सम्वन्धी अभिमुखिकरण तथा अर्न्तक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको सभापति श्री राजन ढुंगाना, प्रमुख अतिथि गोरखा नगरपालिकाका वडा नं. २ का अध्यक्ष श्री रहम तुल्ला मियाँ, विशेष अतिथि जनस्वास्थ्य अधिकृत श्री नवराज खड्का तथा वडाका वुद्धिजिवि, महिला स्वंसेविका, विधार्थी र जोखिममा रहेका व्यक्तिहरूलाई एक दिने क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रम संचालन शाखा सचिव श्री सुबास धिमिरेले गर्नु भएको थियो ।

## कास्की

मिति २०८२ जेष्ठ २४ गते जिल्ला शाखा कास्कीको आयोजनामा समुदायमा आधारित क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता शाखाको

सभापति श्री माधव प्रसाद पराजुलीज्यूले गर्नु भएको थियो । कार्यक्रमको प्रमुख अतिथिको रूपमा केन्द्रीय निवर्तमान अध्यक्ष श्री मदनकाजी श्रेष्ठज्यूबाट पानसमा बत्ति बालि समुद्घाटन गर्नुभयो । क्षयरोग सम्बन्धी डा. मुकुन्द प्रसाद आचार्य, डा. नारायण ओझाले प्रशिक्षण दिनु भएको थियो ।

साथै मिति २०८२ जेष्ठ २५ गते जिल्ला शाखाको आयोजनामा चिसा खोला बेद विद्याश्रम पोखरा १८ को सभा हलमा विद्यार्थीलाई आधारित क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता श्री माधव प्रसाद पराजुली, प्रमुख अतिथि वेद विद्याश्रमका प्रमुख संरक्षक मोक्षनाथ तिल्मीसिनाबाट पानसमा बति बालि समुद्घाटन गर्नुभएको थियो । क्षयरोग सम्बन्धी डा. मुकुन्द प्रसाद आचार्य, डा. नारायण ओझाले प्रशिक्षण गर्नुभएको थियो । कार्यक्रम संचालन सचिव श्री पूर्ण बहादुर रानाले गर्नुभएको थियो ।

## ललितपुर




मिति २०८२ जेष्ठ २३ गते जिल्ला शाखा ललितपुर साथै अन्य जिल्लाका संघसंस्थाहरूको सयुक्त आयोजनामा ललितपुर महानगरपालिका माध्यमिक विद्यालयको छात्र/छात्राहरू बीच धुम्रपानबाट मुक्त जीवन जिउँ, स्वास्थ्यलाई पहिलो प्राथमिकता दिऔं, विषयमा वक्तृत्वकला प्रतियोगिता सफलताका साथ सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा ४० जना विद्यार्थीहरूले सहभागी जनाउनु भएको थियो । प्रतियोगितामा श्री चण्डी आदर्श सरल मा.वि प्रथम, श्री प्रभात मा.वि द्धितीय र त्रिपद्य विद्याश्रम तृतीय भएको थियो । विजयी विद्यार्थीहरूलाई प्रमुख अतिथि संस्थाका केन्द्रीय अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानज्यूले पदक, प्रमाणपत्र र पुरस्कार वितरण गर्नुभएको थियो । उक्त प्रतियोगिताको प्रमुख निर्णायक डा. सागर कुमार राजभण्डारी, निर्णायक डा. राशी ताम्राकार र निर्णायक डा. निशा थापा हुनुहुन्थ्यो ।

## तेह्रथुम

जिल्ला शाखा तेह्रथुम र स्वास्थ्य कार्यालय तेह्रथुमको संयुक्त आयोजना तथा जिल्ला अस्पताल तेह्रथुमको सहयोगमा जिल्ला कारागार कार्यालय तेह्रथुममा रहेका कैदीहरूको मिति २०८१ जेठ २३ गते ९५ जना पुरुष र ४ जना महिलाहरूको खकार जाँच गरिएको थियो । ९९ जनामा गरिएको खकार जाँचमा कसैलाई पनि क्षयरोगका किटाणु नभेटिएको कारागारले जानकारी गराएको थियो । खकार जाँच कार्यक्रममा तेह्रथुमका प्रमुख जिल्ला अधिकारी श्री प्रकासचन्द्र अधिकारी, प्रहरी नायव उपरिक्षक श्री लिलाराज लामिछाने, राष्ट्रिय अनुसन्धान कार्यालय तेह्रथुमका प्रमुख श्री सविना राई, स्वास्थ्य कार्यालय प्रमख श्री विनय ज्ञवाली, जिल्ला शाखाका अध्यक्ष श्री कृष्ण प्रसाद गौतम लगायतको सहभागिता रहेको थियो ।

## कैलाली

मिति २०८१ चैत्र ७ गते जिल्ला शाखा कैलालीले गुरूकुल एकाडेमी र एलाइन्स इन्टरनेशनल मोडेल स्कुलका कक्षा ८, ९ र १० का बिद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण सम्पन्न गरिएको थियो । कार्यक्रमको सभापतित्व शाखा सभापति तथा केन्द्रय सदस्य गिरिराज ओझाले गर्नु भएको थियो । कार्यक्रममा प्रशिक्षण सेती प्रादेशिक अस्पतालका प्राविधिक लोकराज पनेरूले प्रशिक्षण दिनु भएको थियो भने शाखाका पदाधिकारी र सदस्यहरू र बिद्याथी ६० जनाको उपस्थिति रहेको थियो ।

## भक्तपुर



मिति २०८२ आषाढ १८ गते जिल्ला शाखा भक्तपुरको आयोजना र नेपाल राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको सहयोगमा क्षयरोग सम्बन्धी भिडियो सन्देश प्रतियोगिता कार्यक्रम सम्पन्न भयो । प्रतियोगितामा श्याम श्रेष्ठ र सुरेश श्रेष्ठको भिडियोले पहिलो स्थान प्राप्त गर्न सफल भयो भने कृष्णा भट्टको भिडियो दोश्रो तथा नवरत्न लाइफ स्कूलले तेस्रो स्थान हासिल गर्न सफल भएको छ । संस्थाका सभापति श्री हिरण्य प्रताप सांगामीको सभाध्यक्षतामा सम्पन्न पुरस्कार तथा प्रमाणपत्र वितरण कार्यक्रममा संस्थाका महासचिव श्री श्याम कुमार श्रेष्ठ, समाजसेवी तथा संस्थाका पूर्व कार्यसमिति सदस्य श्री महेन्द्रगोपाल कर्माचार्य, स्वास्थ्य कार्यालय प्रमुख श्री अन्जना खड्का, के.स श्री प्रमोद पौडेल कार्यक्रम संचालन शाखा सचिव श्री बिजय कर्माचार्यले गर्नु भएको थियो भने कार्यक्रममा कार्यकारी अधिकृत श्री रामकाजी कार्की पनि सहभागिता भएको थियो ।

## मोरङ्ग

मिति २०८१।१२।११ गतेका दिन विश्व क्षयरोग दिवसको अवसरमा जिल्ला शाखा मोरङ्ग तथा जिल्लाका अन्य संघसंस्थाको सयूक्त आयोजनामा सप्ताहव्यापीरूपमा विभिन्न क्षयरोग सम्बन्धी कार्यक्रमहरू सहित समुदायमा क्षयरोग बारे सन्देशमूलक अभिमुखिकरण र सचेतनामूलक कार्यक्रमहरू सम्पन्न भएको थियो । साथै मिति २०८२।३।१३ गतेका दिन श्री जनपथ मा.वि, विराटनगरमा कक्षा ८, ९ र १० का १०।१० जना प्रतिनिधि विद्यार्थीहरू उपस्थित गराई अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्नुका साथै जुनियर नाटा गठन गरिएको थियो ।

## तनहू

मिति २०८२ जेष्ठ १६ गते श्री सिन्धु आधारभूत विद्यालय, व्यास ५ सौँगेसेरा तनहूँमा क्षयरोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । सो कार्यक्रममा विद्यालयको छात्रछात्राहरूलाई क्षयरोगबारेमा प्रशिक्षण गरिएको थियो । उक्त कार्यक्रममा ४३ जनाको उपस्थिती रहेको थियो ।

## दोलखा




जिल्ला शाखा दोलखाद्धारा विभिन्न समयमा जिल्ला भित्र क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रमहरू संचालन गर्ने सिलसिलामा मिति २०८१।११।२३ गतेका दिन भिमेश्वर न.पा भित्र मा.वि स्तरीय "क्षयरोग न्यूनिकरणमा विद्यार्थीहरूको भूमिका" शिर्षकमा निबन्ध प्रतियोगिता सम्पन्न भएको थियो । साथै मिति २०८१।१२।११ गतेका दिन विश्व क्षयरोग दिवसको अवसरमा धुलिखेल अस्पतालका विरामीहरूलाई फलफुल वितरण तथा बिरामीहरूको स्वास्थ्य लाभको कामना गरि दिवस मनाइएको थियो । त्यसै गरि जिल्ला शाखाले क्षयरोग न्यूनिकरण सम्बन्धी जनप्रतिनिधि तथा महिला समूहहरूलाई एक दिने क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो ।

## पाल्पा

मिति २०८२ बैशाख १२ गते द फेमस महेन्द्र दल गण तानसेन क्षयरोग सम्बन्धी जनचेतनामूलक कार्यक्रम उपाध्यक्ष सुश्री शोभा शाक्यको सभापतित्वमा सम्पन्न भयो । कार्यक्रम प्रमुख अतिथि गणपति भुपेन्द्र बहादुर गुरूङ्ग हुनुहन्थ्यो भने कार्यक्रममा प्रशिक्षण जिल्ला स्वास्थ्य कार्यलयका क्षयकुष्ठ अधिकृत विश्वनाथ न्यौपानेले दिनु भएको थियो। कार्यक्रम संचालन शाखाका सचिव झपेन्द्र गैरेले गर्नुभएको थियो भने कार्यक्रममा ६९ जना सहभागी थिए ।

## सुनसरी

मिति २०८१।३।१२ गते जिल्ला शाखा सुनसरीले भानु स्मृति मा.वि धरान ३ का करिब ६० जना विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी चेतनामूलक कार्यक्रम र मिति २०८२।३।२५ गते धरान उप.म.न.पा वडा १ का पदाधिकारी तथा टि. एल. ओका सदस्यहरूलाई क्षयरोग सम्बन्धी चेतनामूलक कार्यक्रम सम्पन्न गरिएको थियो ।

## बाँके

मिति २०८२।२।९ गते जिल्ला शाखा बाँकेले नेपालगंज स्थित कन्या मा.वि कक्षा ९ र १० का विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सभापतित्व शाखा सभापति जनकराम भण्डारीले गर्नुभएको थियो भने कार्यक्रममा ४२ जना विद्यार्थीको उपस्थिति रहेको थियो ।

## झापा

मिति २०८२।२।१६ गते झापा जिल्ला शाखाको आयोजनामा भद्रपुर डट्स सेन्टरमा क्षयरोग औषधी सेवन गर्ने टि.वि का विरामीहरूलाई अभिमुखिकरण कार्यक्रम शाखाका सभापति गोपाल बहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा प्रशिक्षण प्रादेशिक अस्पतालका क्षयरोग फोकल पर्सन रमेश भण्डारीले दिनु भएको थियो । कार्यक्रममा २५ जना क्षयरोगीहरूको सहभागिता रहेको थियो ।

## सर्लाही

मिति २०८२।०३।९ गते जिल्ला शाखा सर्लाहीले सभापति डोर प्रसाद भट्टराईको अध्यक्षतामा तथा हरिवन नगरपालिकाकी उपप्रमुख श्री हरिमाया घलानज्यूको प्रमुख आतिथ्यतामा माइरानी मिक्चनी मा.विका कक्षा ८, ९ र १० का विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।

# कमलाको ब्यथा

**डा. सागर कुमार राजभण्डारी**

झण्डै २५ वर्ष अधि अर्थात २०५७ साल द्वन्दकालिन समयको चरम उत्कर्षमा पुगेको समयमा सरकारी चिकित्सक भएको नाताले लुम्बिनी अंचल अस्पतालबाट सरूवा भई सल्यान अस्पतालमा गय पश्चात मैले बिर्सन नसक्ने घटनाहरू मध्ये एक बास्तविक घटना यहाँहरू समक्ष उल्लेख गर्नु मनासिब देखि लेख प्रस्तुत गर्ने कोसिस गरेको छु। क्षयरोग परापूर्व कालदेखिनै बिभीन्न नामहरु बाट नेपाली जन समुदायमा परिचित रोग हो। यसलाई ट्यूबरक्यूलोसिस, टिबी, खपटे, सुकुटे, क्षयरोग आदि पनि भनिन्छ । क्षयरोगका कारण एउटा सिंगो परिवारले भोगेका दूख कष्ट हरूलाई यहाँ प्रस्तुत गर्नु सांदर्भिक होला

सल्यान लगाएत पश्चिम तिरका धेरै जसो जिल्लाहरु बाट कामको खोजीमा अधिकांस युबाहरू काला पहाड जाने चलन धेरै पहिले देखि नै चल्दै आइरहेको छ । यहाँ काला पहाड भन्नाले भारतको कस्मीर र हिमान्चल प्रदेशका कठिन पहाडी स्थानहरू हुन, जहाँ सडक खन्ने भारी, मान्छे बोक्ने, फलफूल टिप्ने, बोक्ने आदि कडा परिश्रमका कामहरूमा लाग्ने गर्दछन्। परदेशमा रहि यस्ता काम गर्नु धन आर्जन गर्नु र आफ्नो घरमा पठाउनु उनिहरूको बाध्यता हो भन्न नकार्न सकिन्न । खर्च कम गर्न एउटै कोठामा थुप्रै मान्छेहरू बस्नु, सँगै खानु ,चुरोट बिंडी पिउनु, मध्यपान गर्नु, पौस्टिक आहाराको कमिले कुपोषण भई रोग संग लड्ने क्षमतामा ह्रास आई विभिन्न रोग व्याधी लाग्ने गर्दछ ।

यहि क्रममा सल्यान कुभिण्डे दह वस्ने कमला (यहाँ नाम परिवर्तन)का श्रीमान पनि कामको खोजीमा काला पहाड लागेका हुन्छन् । एकातिर कडा परिश्रम अर्कोतिर पौस्टिक खानाको कमी, घुम्रपान र मध्यपानले गर्दा स्वास्थ्य अबस्था गएको र केहि महिनामै नाजुक अवस्थामा पुग्दछ । उपचार र खोजपडतालमा हेलचक्राई गर्दा उ गाउँफर्किन बाध्य हुन्छ। घर आईपुग्दा उन्को अबस्था नाजुक हुन्छ । धामी झाक्री को सरणमा पुगि धेरै खर्च गर्न बाध्य हुन्छिन ।

आफ्नो नाक र कानको गहना बेचि आएको रू ३५००। पनि खर्च गर्छिन, उपचारमा नआइकने घरैमा उन्को श्रीमानको मृत्यु हुन्छ । लामो समय सम्मन आफ्नो श्रीमानको प्रत्यक्ष स्याहार सुसार गर्दा र सुत्केरी अवस्थामा रहेकिले कमलाको स्वास्थ्य स्थिती नाजुक बढ्दै जान्छ । यस्तो अबस्था मा उनलाई तँ राँडी, मेरो छोरो टोकिस भन्ने आरोप उन्का सासु ससुराले लगाउछन र घर छोड्न बाध्य हुन्छिन । आफ्नो काखको सानो छोरा संगै माईत नजिकै गएर बस्छिन । केहि महिना पछि आफ्नो छोरा लाई पनि गुमाउन पुग्छिन।यसरी श्रीमान र छोरा लाई गुमाई सकेकी कमला पनि धामी झाँक्री कै भरमा पर्दा कुखुरा बाखा, कालो सुंगुर चढाउनु पर्नाले संकटमा पर्छिन । आफूले केहि गर्न नसकेपछि छिमेकीले कमलालाई उपचारार्थ बोकाई सल्यान अस्पताल ल्याई पुऱ्याइन्छ । अस्पताल आएकै दिन उनको स्वास्थपरिक्षण हुन्छ । छातीको एक्सरे र खकार परिक्षण हुन्छ तत्कालीन समयमा एक्सरे गर्ने टेक्नीसियन र ल्याब टेक्नीसियनको दरबन्दि खाली रहेको हुँदा एकजना कार्यालय सहयोगी को सहयोगमा एक्सरे हुन्छ । खकार परिक्षण ल्याबकर्मी नभएता पनि म आफैले गर्न बाध्य भए । खकार परिक्षण गर्दा थुप्रै ब्याक्टेरियाहरू (३+) देखियो जब मैले माइक्रोस्कोप बाट परिक्षण गर्दा रातो कलरको ब्याक्टेरियाहरू देखे, अब कमला बच्ने भईन, उपचार पछि निको हुन्छिन भनेर आनन्दित भई लामो सुस्केरा लिय । अस्पताल आईपुग्दा उनको खुट्टा र मुख फूलिएको फुस्रो एकदमै डुब्ली हिंडडुल पनि गर्न नसक्ने हड्डि र छाला मात्रै बाँकी रहेकी जस्तै देखिन्थिन । उनको वजन २८ किलो मात्रै थियो । उपचार कहाँ र कसरी गर्ने भन्ने चुनौती थपियो । तत्कालिन समयमा सल्यान अस्पतालमा बिरामी भर्ना गरि उपचार गर्ने इण्डोर शाखामा छुट्टै वार्डको ब्यबस्था थिएन। अस्पताल परिसरकै एउटा स्टाफ बस्ने कोठामा ब्यबस्थित गरि Isolation Room बनाईयो र उनको उपचार सुरू गरियो।म कार्यरत रहिन्जेल सम्म त्यो कोठालाई सानाटोरियम को रूपमा क्षयरोगी हरूको भर्ना गरि उपचार गर्ने गरिएको थियो । केहिपनि खान नसक्ने भएकी उनलाई औषधी खुवाउन अर्को चुनौती थपियो । Naso gastric tube को माध्यमबाट केहि दिन सम्म खाना र औषधी खुवाउने काम भयो । यस्तो अवस्थामा औषधी खुवाउदा प्राय जसोले धेरै बान्ता गर्ने गर्दछन। उपचार पश्चात केहि दिनमै NG Tube निकालियो र मुखबाट खान सक्ने भईन । उपचार को सुरूमा केहि हप्ता उनको वजन घट्दै गयो । २ हप्ता पछि उनको स्वास्थ्य अबस्थामा निकै सुधार देखियो । कहिले काँही खाना खाने क्रममा निरीक्षण गर्दा उनले खाएको देखेर बडो आनन्दको अनुभूती हुन्थ्यो । थाल भरिको खाना तरकारी दाल अण्डा र मासु सबै सक्दा झनै उत्साहित बनाउने गर्दथ्यो। दिउँसोको भोक मेटन थप खाना पनि माग्ने गर्थिन । स्वास्थ्य अवस्थामा सुधार आए पश्चात अब त म बाँचे डाक्टर साप भन्ने गर्थिन ।

२ महिनाको Intensive Phase को अत्यमा खकार परिक्षण राम्रो नतिजा आएको अर्थात खकारमा किटाणु नदेखियकोले उलाई घर पठाउने निधो गरियो । भर्ना हुने क्रममा २८ किलो कि कमला ५२ किलो कि भईनक्ष उपचार पश्चात घरमा पुनर्स्थापना गर्न अको थप चुनौती आईपर्यो । सबै गुमाई सकेकीलाई केहि अर्थो पार्जन होस घर तथा परिवार समुदायमा पुर्नस्थापित होसभन्ने हेतुले केहि आर्थिक सहयोग बाट ४ गोटा बाख्री प्रदान गरियो । यो आर्थिक सहयोग हाम्रो अनुरोधमा INF शाखा दाङ्गले उपलब्ध गराएको हुँदा उहाँहरूलाई धन्यवाद सहित पून संभ्फिन चाहान्छु । यसबाहेक अस्पताल परिसरको टिबी सानाटोरियममा लत्ता कपडाहरू समेत ब्यबस्थापन गर्नु भएको हो । २ महिना पछिको थप उपचारका लागि उनका बावाले औषधी लिन हरेक हप्ता आउने गरेका थिए । द्वन्दकालको त्यस्तो कठिन अवस्थामा पनि विरामीहरूको उपचार गर्न पाउँदा आफूलाई एकदमै गर्भको महसूस हुने गर्दछ । सरकारी कर्मचारी भएको हुदा मेरो सरूवा सल्यान अस्पतालबाट बेनी अस्पताल म्याग्दीमा भएको हुँदा निज परिवर्तित नाम कमलाको स्वास्थ्य अवस्था कस्तो भयो बुझ्न नसकेकोमा मलाई केहि अपुरो भएको महसूस हुन्छ ।

माथी उल्लेखित घटना उदाहरणिय मात्रै हुन । हाम्रो समाजमा क्षयरोगी प्रति हेर्ने दृष्टिकोण अझै नकारात्मक नै छ । घर परिवारकै सदस्यबाट र समुदायले क्षयरोगी प्रति हेप्ने 'अनदेखा गर्ने, भेदभाव गर्ने ब्यबहारले क्षयरोगीहरूको परिक्षण र उपचारमा समेत अफ्ठेरो अवस्था सृजना भएको देखिन्छ । अबको हाम्रो जिम्मेबारी भनेको समुदायलाई क्षयरोग र क्षयरोगी प्रतिको ब्यबहार परिवर्तनका साथै सकारात्मक सहयोग पुऱ्याउनु जरूरी देखिन्छ । उनिहरूलाई हेला र भेदभाब होइन, सहयोग र उचित सल्लाहका साथै रोग पश्चात आफ्नो समाजमा पूर्नस्थापित हुनका लागि केहि रचनात्मक कार्यक्रमहरूको आवश्यकता देखिन्छ । अहिलेको परिबर्तित समयमा संघियता संगै ३ तहका सरकारको अबधारणाले स्थानिय सरकारको जिम्मेबारीमा क्षयरोगीको पूर्नस्थापना, सँगै समाजमा लुकेर बसेका क्षयरोगीहरूको सक्रिय खोज पडताल र उपचारको लागि प्रत्यक्ष सक्रिय हुने अबसर पनि जुटेको छ । यो नै अहिलेको क्षयरोग मुक्त पालिका अभियान (TB Free Intiative) को एक प्रमुख रणनैतिक कार्यक्रम हुनसक्छ भन्नेमा कसैमा शंका छैन ।

*(लेखक राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको पूर्व निर्देशक तथा यस संस्थाका विशेषज्ञ केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

## क्षयरोग अन्त्य दुई शब्द

मानव शरीरमा विभिन्न विकृती ल्याई
क्षयरोगबाट ग्रस्त रोगीहरू सबैलाई
आधुनिक उपचार र सेवा, सुविधाको लागि
आम शिक्षाको माध्यमबाट चेतना जगाई

हामी सबैले छुटेको विरामी खौजौं
विरामीको उपचार गरी निको पारौं
चेतना तपाई हामी मिलि जगाऔं
क्षयरोगको किटानूलाई विश्वबाटै भगाऔं

क्षयरोग नियन्त्रणमा हामीहरूको लडाई
मुक्त क्षयरोग हिमाल पहाड तराई
२१ औं सताप्दीको चाहाना हामी सबैलाई
क्षयरोगको अन्त्य गर्ने चाहाना तपाई हामीलाई ।

***श्यामलाल गोसाली***
*सभापति जिल्ला शाखा तनहूँ*